नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**(आन्तरिक प्रशासन शाखा)**

पत्र सङ्ख्याः ०८३/०८४
च.नं.: २६

सिंहदरबार, काठमाडौं
मितिः २०८३/०४/०७
नेपाल संवत् ११४६ दिल्लाथ्य नवमी, बिहिबार

**विषयः साउन महिना भित्रै खरिद प्रक्रिया सुरु गर्ने सम्बन्धमा।**

**श्री मातहतका निकाय (सबै),**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. ०८३/८४, च.नं. ८६, मिति २०८३।०४।०५ को पत्र यसै साथ संलग्न छ। पत्रबाट बेहोरा अवगत गरी आ.व. ०८३/८४ मा गरिने सबै आयोजना/कार्यक्रमका लागि बोलपत्र आह्वानको सूचना प्रकाशित गर्ने लगायतका खरिद प्रक्रिया साउन महिनाभित्रै सुरु गरी सो को विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (भौतिक पूर्वाधार विकास शाखा) मा तोकिएको ढाँचामा पठाई सो को जानकारी यस मन्त्रालयलाई दिनुहुन निर्णयानुसार अनुरोध छ।

२०८३।०४।०७
(कौशल पाण्डे)
शाखा अधिकृत

**बोधार्थः**
श्री सूचना प्रविधि शाखा – वेबसाइटमा अपलोड गर्नुहुन।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

भौतिक पूर्वाधार विकास शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८३/८४
च.नं.: - ८६

मिति २०८३/०४/०५

श्री मन्त्रालय (सबै)

विषयः साउन महिना भित्रै खरिद प्रक्रिया सुरु गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. ५८२८, मिति २०८३/३/१७ गतेको पत्रानुसार आयोजना/कार्यक्रमको पूर्व तयारी सम्पन्न भएकै छ। साथै नेपाल सरकारले आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमको बुँदा नं ७२ मा साउनदेखि नै खरिद प्रक्रिया सुरु गर्ने **"शुन्य-दिन खरिद नीति"** लागु गर्ने उल्लेख भए बमोजिम तहाँ मन्त्रालय तथा मातहतका निकायबाट आ.व. २०८३/८४ मा गरिने सबै आयोजना/कार्यक्रमको लागि बोलपत्र आव्हानको सूचना प्रकाशित गर्ने लगायतका खरिद प्रक्रिया साउन महिना भित्रै सुरु गरी सो को तपसील बमोजिमको विवरण यस कार्यालयमा सासाहिक रुपमा दिनुहुन आदेशानुसार अनुरोध छ।

तपसिल

| क.स. | आयोजना कार्यक्रमको नाम | लागत अनुमान रकम | बोलपत्र आव्हान मिति | जिम्मेवार पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

Bandana 2083/04/05
बन्दना कुमारी
शाखा अधिकृत

बोधार्थः
सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय
श्रीमान मुख्यसचिवज्यूको सचिवालय

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np